# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।११।२८ गते

# प्रेस विज्ञप्ति
## विषय: आरोप-पत्र दायर गरिएको।

-------------------------------------------------

दैलेख जिल्ला साबिक द्वारी गाँउ विकास समितिको कार्यालयका सहलेखापाल छविराम शर्माले 'मृतकका नाममा सामाजिक सुरक्षा भत्ता शीर्षकको सरकारी रकम निकासा गरी हिनामिना गरेको भन्ने समेत विषयको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा साबिक द्वारी गा.वि.स.को कार्यालय दैलेखका तत्कालीन गा.वि.स. सचिव टिकाराम रेग्मीले आ.ब. २०६९/०७० को दोश्रो र तेश्रो किस्ता तथा आ.ब. २०७०/०७१ को प्रथम, दोश्रो, तेश्रो चौमासिकको सामाजिक सुरक्षा भत्ता वितरणबापतको जम्मा रु.१,८४,०००।-(एक लाख चौरासी हजार) सामाजिक सुरक्षा भत्ता वितरणमा आफ्नै औठाछाप लगाई सेवाग्राहीलाई रकम वितरण नगरी बदनियतसाथ रकम निकाली हिनामिना गरेको देखिएको हुँदा निज प्रतिवादी टिकाराम रेग्मीको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर भएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय हुन र निजले हिनामिना गरेको बिगो रु.१,८४,०००।-(एक लाख चौरासी हजार) निज प्रतिवादी टिकाराम रेग्मीबाट ऐ. ऐनको दफा १७ बमोजिम असूलउपर हुन साथै साबिक द्वारी गा.वि.स.को कार्यालय दैलेखको सहायक लेखापाल (खरिदार) छविराम शर्माले आ.ब २०७१/०७२ को प्रथम र तेश्रो चौमासिक तथा आ.ब. २०७२/०७३ को प्रथम, दोश्रो र तेश्रो चौमासिकको सामाजिक सुरक्षा भत्ता वितरणबापतको जम्मा रु.३,४४,५००।-(तीन लाख चवालीस हजार पाँच सय) सामाजिक सुरक्षा भत्ता वितरणमा आफ्नै औठाछाप लगाई बदनियतसाथ रकम निकाली हिनामिना गरेको देखिएको र कृषि, वन तथा वातावरण शीर्षक बापतको रकम रु.१,५२,५७०।-(एक लाख बाउन्न हजार पाँच सय सत्तरी) कामै नगरी बदनियतसाथ हिनामिना गरी भ्रष्टाचारजन्य कार्य गरेको देखिएको हुँदा निज प्रतिवादी छविराम शर्माको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर भएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय हुन र निजले हिनामिना गरेको बिगो रु.४,९७,०७०।-(चार लाख सन्तानब्बे हजार सत्तरी) निज प्रतिवादी छविराम शर्माबाट ऐ. ऐनको दफा १७ बमोजिम असुलउपर हुन समेतको मागदावी लिई मिति २०७५।११।२७ गते विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता